कम्पनीले आफ्नो जारी पूँजी रु.६१,२७,९३,८००/- मध्ये १० प्रतिशतले हुने प्रति साधारण शेयर रु.१००/- अंकित दरका ६,१२,७९३ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र अर्थात रुकुम पूर्वी जिल्ला र रुकुम पश्चिम जिल्लाका बासिन्दाहरुका लागि निष्काशन गरिएको

दरखास्त दिनुपर्ने न्यूनतम् कित्ता : १० शेयर
दरखास्त दिनपाउने अधिकतम् कित्ता : ६,००,००० शेयर

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

Rapti Hydro and General Construction Limited
राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड

त्रिपुरेश्वर-११, काठमाण्डौ, नेपाल टेलिफोन नं. ०१-४१००५८६ र ०१-४१०११४०
इमेलः info@raptihydro.com.np वेभसाइटः www.raptihydro.com.np

आह्वान-पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति	२०७९/०२/२४ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	२०७९/०३/०७ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०७९/०३/२२ गते (बैंकिङ्ग समय पश्चात्)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः

स्वीकृत विवरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड (ICRA Nepal Ltd.) डिल्लीबजार, काठमाडौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७८ आषाढ १८ गते "[ICRANP-IR] B+" प्रमाणपत्र प्राप्त गरेको छ ।।"[ICRANP-IR] B+" ले कम्पनीको दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम रहेको (high risk of default regarding timely servicing of financial obligation) भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR] AAA देखि [ICRANP -IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP -IR] D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने +(जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थीतीलाई जनाउँदछ । यसको अर्थ [ICRANP -IR] B को स्थिती [ICRANP -IR] B+ भन्दा एक चिन्ह तल रहन्छ ।

क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८/०३/१८ **क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०७९/०३/१७**

कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानी

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८*	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
प्रति शेयर आम्दानी (EPS)	२.८२	१.२६	०.२६	०.०१	७.३३	५.३६
प्रति शेयर नेटवर्थ (रु.)	१०४.७६	१०६.०२	१०६.३५	१०२.८२	११०.१५	११५.५१
संचित नाफा/नोक्सान (रु. हजारमा)	१५,१७५.८२	१९,१९६.७१	२०,२२६.०८	१७,२७७.१८	६२,१७१.३८	९५,०३०.५८

** आ.व. २०७७/७८ आषाढ मसान्तको वित्तीय विवरण साधारण सभाबाट स्वीकृत हुन बाँकी ।*

आयोजना	कुल अनुमानित लागत रकम करोडमा (रु.)	प्रति मेगावाट अनुमानित लागत रकम करोडमा (रु.)	विद्युत उत्पादन अनुमतिको बाँकी अवधि	साधारण लगानी फिर्ता हुने अवधि	डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि
रुकुम गाड जलविद्युत आयोजना	रु.१३३.४४	रु.२६.६९	अनुमति पत्र बहाल रहने अवधि मिति २०७२/०३/०९ देखि २१०७/०३/०८ सम्म रहेकोले २८ वर्ष २ महिना बाँकी रहेकोछ	८.९७ वर्ष	२१.०९ वर्ष

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७९/०२/१० तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७९/०२/११ ।

१. कम्पनीको नाम : राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड (Rapti Hydro and General Construction Limited) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. संस्थाको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति लिई अन्य स्थानमा पनि शाखा तथा सम्पर्क कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय सार्न सकिनेछ ।

४. कारोबार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं. ११, त्रिपुरेश्वर, काठमाडौं र जलविद्युत उत्पादन केन्द्र रुकुम जिल्लाको साविक शोभा र काँडा गा.वि.स. हाल रुकुम पूर्वी जिल्लाको सिस्ने र भूमे गाउँपालिकामा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छः

- राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०६५/०७/०५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७३/०२/३१ गते पब्लिक लिमिटेडमा परिणत भएको हो । कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वरमा रहेको छ ।
- नेपाल सरकार, ऊर्जा मन्त्रालयबाट मिति २०७२/०३/०९ (वि.वि.वि. ०७१/७२ वि.उ. १३६) मा ५ मे.वा. विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २१०७/०३/०८ गते सम्म बहाल रहनेछ ।
- कम्पनीमा संस्थापक शेयरधनीको रुपमा सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड, राधी विद्युत कम्पनी लिमिटेड, लम्जुङ्ग विद्युत विकास कम्पनी लिमिटेड, खारे इन्भेष्टमेन्ट लिमिटेड, गण्डकी ईनर्जी लिमिटेड, यूनिभर्सल पावर कम्पनी लिमिटेड लगायतका शेयरधनीहरु रहेका छन् ।
- यस कम्पनीले साविक शोभा र काँडा गा.वि.स., हाल सिस्ने र भूमे गाउँपालिका रुकुमगाड खोलाको पानी उपयोग गरी ५ मेगावाट क्षमताको रुकुमगाड जलविद्युत आयोजना निर्माण गर्दैछ ।

संगठित संस्थाको राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

विद्युत परियोजनाको नाम	: रुकुम गाड जलविद्युत आयोजना
विद्युत गृह स्थल	: रुकुम पूर्वी जिल्लाको सिस्ने र भूमे गाउँपालिकामा (साविक शोभा र काँडा गा.वि.स.)
श्रोत नदी	: रुकुमगाड खोलाको पानी ।
आयोजनाको किसिम	: रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति	: २०७२/०३/०९
विद्युत उत्पादन अनुमति वहाल रहने मिति	: २०७२/०३/०९ देखि २१०७/०३/०८ सम्म

उत्पादन हुने सम्भावित मिति :
PPA मा उल्लेखित RCOD को मिति जेष्ठ ३२, २०७७ रहेको तर कोभिड-१९ को पहिलो एवम् दोस्रो लहरका कारणले हुन गएको ढिलाइको कारण मिति बैशाख १, २०७८ मा भएको नेपाल विद्युत प्राधिकरणको संचालक समितिको निर्णयद्वारा आयोजनाको नयाँ RCOD मिति चैत्र १०, २०७७ कायम रहेको छ । साथै मिति जेष्ठ २३, २०७८ तथा जेष्ठ २८, २०७८ मा कम्पनीले नेपाल विद्युत प्राधिकरणमा पत्राचार मार्फत थप RCOD Extension गरी दिनु हुन अनुरोध गरेको छ । नेपाल विद्युत प्राधिकरणले RCOD Extension गरिदिने हुनाले हर्जाना तिर्नु नपर्ने कम्पनीको धारणा रहेको छ । आयोजनाको नयाँ अनुमानित उत्पादन मिति श्रावण १, २०७९ मा हुने गरि कम्पनीले आयोजना निर्माणको काम गरिरहेको छ ।

जडित क्षमता	: ५ मेगावाट
आयोजनाको कुल लागत	: रु.१,३३,४४,२८,११४.२०
आयोजनाको प्रति मेगावाट लागत	: रु.२६,६८,८५,६२२.८४
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि	: ८.९७ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि	: २१.०९ वर्ष
नेट प्रेजेण्ट भ्यालू Net Present Value (NPV) (रु. हजारमा)	: ९२,०७९.८८
इन्टरनल रेट अफ रिर्टन Internal Rate of Return	: ८.७९ प्रतिशत
इक्विटिमा प्रतिफल Return on Equity	: १०.२२ प्रतिशत

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।
बैंक ब्याजदर मा विशेष पुनरकर्जा समावेश गरिएको छ र सोहि दरलाई डिस्काउण्ट दर मानि वित्तीय परिसुचक गणना गरिएको छ ।

लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रेजेण्ट भ्यालूको गणना तालिका

(रु. '००० मा)

वर्ष	कुल आयोजना लागत	कर पछिको खुद नाफा	ह्रास तथा परिशोधन	ऋण भुक्तानी	खुद नगद प्रवाह	आयोजनाको नगद प्रवाह	साधारण संचयी नगद प्रवाह	डिस्काउण्टमा संचयी नगद प्रवाह	नगद प्रवाहको वर्तमान मूल्य
०	(१,३३४,४२८)	-	-	-	-	-	-	-	-
१	-	५०,८५८	४६,१९६	२०,०००	(१२१,७५७)	१५७,०८७	(१,१७७,३४१)	(१,०९६,९१७)	१२४,७५५
२	-	३७,०१८	४६,१९६	२०,०००	६४,४०४	१३७,६५८	(१,०३९,६८४)	(९९५,६७५)	१०१,२४२
३	-	३९,६७१	४६,१९६	२५,०००	६२,०५७	१३८,५६४	(९०१,११९)	(९०१,३०१)	९४,३७४
४	-	४५,४८१	४६,१९६	३०,०००	६२,८६७	१४२,२२९	(७५८,८९०)	(८११,५९४)	८९,७०७
५	-	५१,६४५	४६,१९६	३५,०००	६४,०३१	१४५,८४८	(६१३,०४२)	(७२६,४०६)	८५,१८८
६	-	५८,१६१	४६,१९६	४०,०००	६५,५४६	१४९,४१९	(४६३,६२३)	(६४५,५८४)	८०,८२१
७	-	६५,०२६	४६,१९६	४५,०००	६७,४११	१५२,९४१	(३१०,६८२)	(५६८,९७५)	७६,६१०
८	-	७२,२३७	४६,१९६	५०,०००	६९,६२३	१५६,४१०	(१५४,२७२)	(४९६,४२०)	७२,५५४
९	-	७९,९४०	४६,१९६	६०,०००	६७,३२५	१५९,८२१	५,५४८	(४२७,७६५)	६८,६५५
१०	-	८३,७५४	४६,१९६	६५,०००	६६,१३९	१५८,६९५	१६४,२४३	(३६४,६३४)	६३,१३१
११	-	७९,११६	४६,१९६	७०,०००	५६,५०२	१४८,७१८	३१२,९६१	(३०९,८४७)	५४,७८७
१२	-	८३,१५६	४६,१९६	७५,०००	५५,५४१	१४७,०१८	४५९,९७९	(२५९,६९०)	५०,१५७
१३	-	८७,४९४	४६,१९६	८०,०००	५४,८८०	१४५,२१९	६०५,१९८	(२१३,८१०)	४५,८८०
१४	-	९१,९८४	४६,१९६	७९,५००	५१,८६९	१४३,३३६	७४८,५३५	(१७१,८७३)	४१,९३७
१५	-	९४,२८५	४६,१९६	-	१४१,६७०	१४१,६७०	८९०,२०५	(१३३,४८९)	३८,३८५
१६	-	६६,०९७	४८,४८७	-	८३,६५७	८३,६५७	९७३,८६१	(११२,४९८)	२०,९९०
१७	-	६४,८११	४८,४८७	-	११३,२९८	११३,२९८	१,०८७,१५९	(८६,१७३)	२६,३२६
१८	-	६३,४५७	४८,४८७	-	१११,९४४	१११,९४४	१,१९९,१०३	(६२,०८५)	२४,०८८
१९	-	६२,०३२	४८,४८७	-	११०,५१९	११०,५१९	१,३०९,६२२	(४०,०६२)	२२,०२३
२०	-	६०,५३३	४८,४८७	-	१०९,०२०	१०९,०२०	१,४१८,६४२	(१९,९४४)	२०,११८
२१	-	५८,९५५	४८,४८७	-	१०७,४४२	१०७,४४२	१,५२६,०८४	(१,५८३)	१८,३६१
२२	-	५७,२९४	४८,४८७	-	१०५,७८१	१०५,७८१	१,६३१,८६५	१५,१५८	१६,७४०
२३	-	५५,५४७	४८,४८७	-	१०४,०३४	१०४,०३४	१,७३५,८९९	३०,४०४	१५,२४७
२४	-	५३,७१०	४८,४८७	-	१०२,१९७	१०२,१९७	१,८३८,०९६	४४,२७४	१३,८७०
२५	-	५१,७७७	४८,४८७	-	१००,२६४	१००,२६४	१,९३८,३५९	५६,८७६	१२,६०१
२६	-	४९,७४३	४८,४८७	-	९८,२३०	९८,२३०	२,०३६,५९०	६८,३०९	११,४३३
२७	-	४७,६०५	४८,४८७	-	९६,०९२	९६,०९२	२,१३२,६८२	७८,६६६	१०,३५७
२८	-	४५,३५७	४८,४८७	-	९३,८४३	९३,८४३	२,२२६,५२६	८८,०३३	९,३६७
२९	-	१९,५३५	२४,२४३	-	४३,७७९	४३,७७९	२,२७०,३०४	९२,०८०	४,०४७

डिस्काउण्ट दर (Discount Rate)	८%
वित्तीय विश्लेषण (Financial Analysis)	२८ वर्ष २ महिना
साधारण लगानी फिर्ता हुने अवधि (Simple Payback Period)	८.९७ वर्ष
डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Payback Period)	२१.०९ वर्ष
नेट प्रेजेण्ट भ्यालू (Net Present Value (NPV)) (रु. हजारमा)	९२,०७९.८८
प्रोजेक्ट इन्टर्नल रेट अफ रिर्टन (Project Internal Rate of Return (IRR))	८.७९%
ईक्वीटी इन्टर्नल रेट अफ रिर्टन (Equity Internal Rate of Return (IRR))	१०.२२%
न्यूनतम DSCR	१.४९
डिष्काउण्टेड B/C अनुपात	१.०८

नोट : *आयोजनाको अनुमानित व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति ३ महिनाले ढिलाई भई श्रावण ०१, २०७९ रहेको हुनाले आयोजनाको लागत रु. १,२९७,९८२,२२४.१८ मा निर्माण अवधिको ब्याज (Interest During Construction (IDC)) रु. ३६,४४५,८८९.९२ ले वृद्धि भई हाल रु. १,३३४,४२८,११४.२० रहेको छ ।*

- मिति २०७३ साउन ९ गते प्राइम कमर्सियल बैंक लिमिटेडको अगुवाईमा ३ वटा बैंकहरुसंग रुकुम गाड जलविद्युत आयोजना निर्माण गर्न रु.६७ करोड र २०७७ चैत्र १० मा भएको पहिलो संशोधनबाट थप रु.२२.४५ करोड गरी जम्मा रु.८९.४५ करोड बैंक ऋण सम्झौता राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडसँग भएको छ । प्राइम कमर्सियल बैंक लिमिटेडको अगुवाईमा अन्य बैंकहरुमा सेन्चुरी कमर्सियल बैंक लिमिटेड र कुमारी बैंक लिमिटेड रहेका छन् ।
- यो प्रस्ताव तयार पार्दासम्म (चैत्र मसान्त २०७८) आयोजनाको औसत ८९.९१ प्रतिशत कार्य सम्पन्न भैसकेको छ जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

विवरण	हालको अवस्था	कार्य प्रगती
वित्तीय व्यवस्थापन	सम्पन्न	१००.००
सिभिल कार्य :		
व्येर तथा अन्डरसुइस (Weir and Undersluice)	वर्क ईन प्रोग्रेस	९८.००
इन्टेक तथा ग्राभल ट्राप	सम्पन्न	१००.००
डिसेन्डर	सम्पन्न	१००.००
हेडरेस अलाइन्मेन्ट, सर्ज ट्याङ्क र पेनस्टक पाइप (Headrace alignment including Surge Tank and Penstock Pipe)	वर्क ईन प्रोग्रेस	९१.००
पावरहाउस तथा टेलरेस	वर्क ईन प्रोग्रेस	७०.००
सुईचयार्ड	वर्क ईन प्रोग्रेस	२०.००
इलेक्ट्रोमेकानिकल कार्य	वर्क ईन प्रोग्रेस	८५.००
हाइड्रोमेकानिकल कार्य	वर्क ईन प्रोग्रेस	९३.००
प्रशारण लाईन तथा सवस्टेसन	वर्क ईन प्रोग्रेस	९८.००
जग्गा खरिद, वातावरण तथा सामाजिक प्रभाव न्यूनीकरण (Land Procurement, Development, Environment and Social Mitigation)	वर्क ईन प्रोग्रेस	९०.००
अफिस तथा क्याम्पिङ्ग व्यवस्था र एक्सेस रोड (Office and Camping Facilities including access road)	वर्क ईन प्रोग्रेस	८५.४२
व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (विद्युत बिक्री सम्झौता अनुसार)	चैत्र १०, २०७७	
अनुमानित व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति	श्रावण ०१, २०७९	

- विद्युत बिक्री सम्झौता (PPA) बमोजिम व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति (RCOD) २०७७ चैत्र १० गते रहेकोमा कोभिड-१९ को पहिलो एवम् दोस्रो लहरले गर्दा हुन गएको ढिलाइको कारण अनुमानित व्यापारिक उत्पादन सुरुहुनुपर्ने मिति २०७९ श्रावण १ गते रहेको छ ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजार तथा अन्य उपकरणहरुको पुनस्थापना मूल्य भन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरू गरेको छ ।
- यस ५ मेगावाट क्षमताको रुकुमगाड जलविद्युत आयोजनाको अनुमानित लागत रु.१३३.४४ करोड रहेका छ । प्रति मेगावाट उत्पादन लागत रु.२६.६९ करोड रहेको छ । अनुमानित लागतको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.सं.	विवरण	रकम (रु.)
१	प्री-अपरेटिङ्ग खर्च (Pre-operating Expenses)	१७,८४०,०००.००
२	सिभिल कार्य (Civil Construction)	४४१,८१४,५८९.८२
३	मेटल वर्कस (Metal Works)	२३८,९२८,८७७.२८
४	प्लान्ट तथा मसिनरी (Plant and Machinery)	१२३,७०८,३१२.५०
५	प्रशारण लाईन तथा सुइचयार्ड (Transmission Line and Switchyard)	५०,६६७,९६३.११
६	साइट अफिस भवन (Site Office Building)	५,२१६,५०२.३७
७	अफिस इक्विप्मेन्ट (Office Equipment)	७,४११,३७३.३१
८	जनरल आइटम्स (General Items)	३,९६१,२७६.०६
९	पुर्वाधार विकास (Infrastructure Development)	५,९००,५५०.९३
१०	वातावरण प्रभाव न्यूनीकरण तथा जग्गा खरिद (Environment Mitigation and Land Acquisition)	५५,८९८,१७४.७९
११	आयोजना इन्जिनियरिङ्ग तथा व्यवस्थापन (Project Engineering and Management)	९४,०२२,१०९.०३
१२	आयोजना विकास (Project Development including Owners Cost)	५७५,७५७.५७
१३	भ्याट तथा करहरु (Vat and Taxes)	९२,२००,५२०.७७
१४	ब्याज खर्च तथा ऋण प्रशोधन शुल्क (Interest and Loan Processing Fees)	१९६,२८२,१०६.६६
	जम्मा लागत	१,३३४,४२८,११४.२०

- कम्पनीले निर्माण गर्दै गरेको रुकुमगाड जलविद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युत शक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरण बीच २०७३/०३/०७ गते ५ मे.वा. को विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भएको र विद्युत खरिद बिक्री सम्झौता पहिलो संशोधन मिति २०७४/०३/२७ गते, दोस्रो संशोधन मिति २०७४/०३/२९ र तेस्रो संशोधन २०७७/०३/०२ मा सम्पन्न भएको छ ।
- आयोजनाको २०.७८ कि.मि. ३३ के.भि. प्रशारण लाइनको निर्माण गर्न कैलाली स्थित सिंह कन्स्ट्रक्सनलाई ठेक्का दिईएको छ । मिति आश्विन २७, २०७६ मा ठेकेदारको टोलि साईटमा कार्य सुरु भई २०७८ चैत्र मसान्तसम्म प्रसारण लाईनको लागि आवश्यक पर्ने ६५१ पोलहरु मध्ये ३९३ पोल पोइन्टमा गाडि सकेको छ । जससँगै, ३९३ पोल पोइन्टमा अर्थात२०.७८ कि.मि.मा तान्नु पर्ने एसिएसआर (ACSR Conductor) तार तान्ने कार्य सम्पन्न भई सोको परिक्षणको कार्य पनि सकिसकेको छ । साथै, कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७१ कार्तिक १४ गते कनेक्सन सम्झौता भएको छ जस अन्तर्गत यस आयोजनाको डेलिभरी पोइन्ट रुकुम पूर्वी मुसिकोट स्थित प्राधिकरणको ३३/११ सवस्टेशन २०७८ चैत्र मसान्तमा चार्ज भएको अवस्था छ । मुसिकोट स्थित प्राधिकरणको ३३/११ सवस्टेशनमा आयोजनाले निर्माण गर्नु पर्ने रिसिभिङ्ग एण्ड बे (Receiving End Bay) को कार्य सकिसकेको छ ।
- माथि उल्लेखित विवरणको आधारमा प्रशारण लाइनको हालसम्मको औसत भौतिक प्रगति करिव ९८% भएको छ ।
- कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौताका मुख्य मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् ।
  (क) रुकुमगाड जलविद्युत आयोजनाको ५ मे.वा.बाट वार्षिक २८,५७८,०६८ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि २३,४९५,१९३ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ५,०८३,६७५ किलोवाट घण्टा निर्धारण गरिएको छ ।
  (ख) मिति २०७३/०३/०७ मा कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद/बिक्री सम्झौता अनुसार विद्युतको खरिद मुल्य वर्षायामका (वैशाखदेखि मार्ग) आठ महिनाको लागि प्रति किलोवाट रु.४.८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुन र चैत्र) का लागि प्रति किलोवाट रु.८.४० (आठ रुपैयाँ चालिस पैसा मात्र) तोकिएको छ । यो खरिद दरको लागि व्यापारिक उत्पादन शुरु भएको आर्थिक बर्षलाई आधार मानि खरिद दरमा वार्षिक ३% का दरले पाँच पटकसम्म साधारण मुल्यवृद्धि दिंदा हुन आउने खरिददर दिइने छ ।
  (ग) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा को हकमा विद्युत बिक्री सम्झौताको दफा १२.२ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरका कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
  (घ) नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा (५,००० किलोवाट) खरिद वापत बर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैया असि पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८.४० (आठ रुपैया चालिस पैसा मात्र) विद्युत खरिद दर रहेको छ । साथै व्यापारीक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिनादेखि लागु हुनेगरि प्रत्येक बर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि)	सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट)	वर्षा याम (बैशाख देखि मार्गसम्म) (रु.प्रति युनिट)
पहिलो महिना देखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिना देखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिना देखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिना देखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिना देखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिना देखि सम्झौता अवधिसम्म	९.६६	५.५२

माथि (घ) मा जेसुकै लेखिएको भएता पनि व्यापारीक उत्पादन शुरु हुने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारीक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिला हुन गएमा विद्युत उर्जा खरिद दर निम्नानुसार बार्षिक मुल्य बृद्धि कायम गरिने छ ।

- RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा ४ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा ३ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा २ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा १ वटा मात्र मुल्यबृद्धि दिईनेछ ।
- RCOD को तुलनामा COD ५४ महिनाभन्दा ढिलो हुन गएमा मुल्यबृद्धि दिईने छैन ।

(ङ) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुन पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ । साथै प्राधिकरणले पनि कम्पनीबाट आपूर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनुपर्ने कार्यहरु सोहि समयभित्र पूरा गरि सक्नुपर्नेछ । समयमै आयोजनाको निर्माण एवं अन्य आवश्यक कार्य सम्पन्न गरि आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सुचना दिई सकेपछि साइटको संयुक्त नापजाँचबाट उपकरणको प्राविधिक सीमा भित्र रहि गरिएकाः
(क) आयोजनाले सम्पन्न गरेको Dry Tests का नतिजाहरुको अध्ययन तथा प्रमाणिकरण
(ख) Black start परिक्षण तथा
(ग) उपलब्ध लोडसम्मको प्राविधिक तवरले सम्भव हुने अवधीसम्मको Off Grid Mode Operation Test बाट व्यहोरा ठिक ठहरिएमा काबु बाहिरको परिस्थितीमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।

यसरी कम्पनीले प्राधिकरणलाई अथवा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सुत्र अनुसार हिसाब गरिनेछ ।

हर्जाना रकम रु. = ०.०५ × कन्ट्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यपारीक उत्पादन सुरु हुने मिति बीचको दिन अन्तरको अवधिका उर्जा × व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (COD) मा लागु हुने खरिद दर ।

प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरिद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद वापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दीमा भुक्तानी गरिने छ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :
(१) रुकुमगाड हाईड्रो पावर परियोजना संचालन गरि जलविद्युत उत्पादन गर्ने ।
(२) रुकुमगाड हाईड्रो पावर परियोजनाबाट उत्पादित जलविद्युत नेपाल विद्युत प्राधिकरण वा अन्य निकायसँग सम्झौता गरी बिक्री गर्ने ।
(३) उत्पादित विद्युत बिक्रीका लागि विद्युत खरिद बिक्री सम्झौता गर्ने ।
(४) विद्युत उत्पादन तथा बिक्रीको लागि सम्बन्धित निकायबाट अनुमति पत्र प्राप्त गर्ने ।
(५) जलविद्युत तथा अन्य नविकरणीय उर्जा स्रोतबाट विद्युत उत्पादन गर्ने आयोजनामा लगानी गर्ने ।
(६) जलबिद्युत तथा अन्य नविकरणीय उर्जाका क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने ।
(७) अन्य जलविद्युत कम्पनीहरु तथा जलविद्युत आयोजनाहरुको शेयरमा लगानी गर्ने ।
(८) निर्माण तथा ठेक्कापट्टा सम्बन्धी कार्य गर्ने ।
(९) अन्य जलविद्युत आयोजनाहरुको लागि आवश्यक सर्वेक्षण अनुमति पत्र प्राप्त गरी जलविद्युतको उत्पादन, प्रसारण र वितरणको कार्य गर्ने ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार जारी पूँजीको ४८% अर्थात रु.२९,४१,४१,०००/- (अक्षरेपी उन्नतीस करोड एकचालिस लाख एकचालिस हजार मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- को २९,४१,४१० कित्ता साधारण शेयर (आयोजना प्रभावित वासिन्दाका लागि छुट्ट्याइएको समेत) सर्वसाधारणमा निष्काशन गर्न लागिएको हो । निष्काशनबाट संकलित रकम कर्जा भुक्तानी, कार्यशिल पूँजी तथा रुकुमगाड जलविद्युत आयोजनाको सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्यका लागि प्रयोग गर्ने मुख्य उद्देश्य रहेको छ ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले १,००,००,००० (एक करोड) थान शेयरमा बिभाजन गरिएको छ ।
जारी पूँजी : कम्पनीको जारी पूँजी रु.६१२,७९३,८००/- (अक्षरेपी एकसठ्ठी करोड सत्ताइस लाख त्रियानब्बे हजार आठ सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६,१२७,९३८ (एकसठ्ठी लाख सत्ताइस हजार नौ सय अडतिस) थान शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी : कम्पनीको चुक्ता पूँजी रु.३१,८६,५२,८००/- (अक्षरेपी एकत्तीस करोड छयासी लाख बाउन्न हजार आठ सय मात्र) रहेको छ । सर्वसाधारणको लागि छुट्याइएको २,९४१,४१० कित्ता शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु.६१२,७९३,८००/- (अक्षरेपी एकसठ्ठी करोड सत्ताइस लाख त्रियानब्बे हजार आठ सय मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

क्र.सं.	शेयरधनीहरु	समूह	साधारण शेयर संख्या	चुक्ता रकमा (रु.)	पूँजी संरचना (%)	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	क	३,१८६,५२८	३१८,६५२,८००/-	५२	१००
२	आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु	ख	६१२,७९३	६१,२७९,३००/-	१०	-
३	सर्वसाधारण शेयरधनीहरू		२,३२८,६१७	२३२,८६१,७००/-	३८	-
	जम्मा		६,१२७,९३८	६१२,७९३,८००/-	१००	

नोटः संस्थापक तर्फको शेयर चुक्ता भईसकेको छ भने आयोजना प्रभावित क्षेत्रका शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुलाई बिक्री गरिने शेयर चुक्ता हुन बाँकी रहेको छ ।

९. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	पद	उमेर (वर्ष)	राष्ट्रियता	ठेगाना	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	शालिक राम पौडेल	-	४७	नेपाली	भरतपुर-७, चितवन	३३,५६१	बि.ई. सिभिल इन्जिनियरिङ	रोड निर्माणमा १५ वर्षको अनुभव
२	यूनिभर्सल पावर कम्पनी लि.	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	१,४४२,१८७	लागु नहुने	लागु नहुने
३	लमजुङ्ग विद्युत विकास कम्पनी लि.	लागु नहुने	लागु नहुने	लागु नहुने	बेसिशहर, लमजुङ्ग	३५,०००	लागु नहुने	लागु नहुने
४	राधी विद्युत कम्पनी लिमिटेड	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	१,२९०,०००	लागु नहुने	लागु नहुने
५	सि.ई.डि.बि. हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि.	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	१,००,०००	लागु नहुने	लागु नहुने
६	खारे इन्भेष्टमेन्ट् लि.	लागु नहुने	लागु नहुने	लागु नहुने	त्रिपुरेश्वर-११, काठमाडौं	२,००,०००	लागु नहुने	लागु नहुने ।

सञ्चालकहरूको विवरण

क्र.सं.	नाम, ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व (कित्ता)	शैक्षिक योग्यता	अनुभव: सम्बन्धित	अनुभव: अन्य	प्रस्तावित व्यापार/व्यवसाय सम्बन्धी
१.	श्री रोहित रौनियार बाफल, काठमाण्डौ	अध्यक्ष	४६	नेपाली	सो नभएको	बि.ई.-मेकानिकल ईन्जिनियर	अध्यक्षः राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि.	सि.ओ.ओ.: इस्मार्ट एप्लियान्सेस् प्रा.लि.-१.५ वर्ष, सि.ई.ओ.: नियोटेरिक नेपाल प्रा.लि.-६ वर्ष, निर्देशकः एनसेल प्रा.लि.-४ वर्ष, प्रबन्धकः पारामाउन्ट इलेक्ट्रोनिक्स प्रा.लि.-२ वर्ष	सो नभएको
२.	श्री कुल विक्रम शाह पुतलीबजार नगरपालिका-८, स्याङ्जा	संचालक	३४	नेपाली	सो नभएको	एमु.बि.ए.	प्रबन्धकः गण्डकी इनर्जी लि.-६ वर्ष, सञ्चालक - राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि.	सो नभएको	सो नभएको
३.	श्री अन्जना श्रेष्ठ धुलिखेल, काभ्रेपलान्चोक	संचालक	३०	नेपाली	सो नभएको	बि.बि.एस.	सहायक अधिकृत - मानव संसाधन : कसुवा खोला हाइड्रोपावर लिमिटेड - ४.५ वर्ष, सञ्चालक - राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लि.	सञ्चालक - खारे इन्भेष्टमेन्ट लिमिटेड लि., सहायक - प्रशासन तथा मानव संशाधन : नाना ग्रुप - १.३ वर्ष	सो नभएको

नोट : *कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्था पालना भएको व्यहोरा जानकारी गराईन्छ ।*

१०. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	योग्यता	कार्यानुभव
१.	श्री राम चन्द्र त्रिपाठी	बि.ई. सिभिल इन्जिनियरिङ	• २०२१ देखि हाल सम्म राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडमा वरिष्ठ आयोजना प्रबन्धक भई कार्य गरिरहनुभएको • २०१६ देखि २०२१ सम्म आखु खोला जलविद्युत आयोजनामा आयोजना कोडिनेटर भई कार्य गर्नुभएको • २०१२ देखि २०१५ सम्म हाइ हिमाल हाइड्रो कन्स्ट्रक्सन प्रा.लि. मा आयोजना प्रबन्धक भई कार्य गर्नुभएको • २०१० देखि २०१२ सम्म डि.के. कन्सल्ट प्रा.लि. मा सिभिल इन्जिनियर भई कार्य गर्नुभएको • २००८ देखि २००९ सम्म कैलाश कुन्ड कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्टमा सिभिल इन्जिनियर भई कार्य गर्नुभएको • १९९३ देखि २००८ सम्म विभिन्न संस्थाहरुमा सहायक इन्जिनियर भई कार्य गर्नुभएको ।
२.	श्री रिकि क्षेत्री	बि.ई. सिभिल इन्जिनियरिङ	• २०२२ जनवरी देखि हालसम्म राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडमा सहायक आयोजना प्रबन्धक भई कार्य गरिरहनुभएको • २०१९ देखि २०२२ सम्म युनिभर्सल पावर कं. लि. मा सहायक आयोजना प्रबन्धक भई कार्य गर्नु भएको • २०१८ देखि २०१९ सम्म दोर्दी खोला जलविद्युत कं. लि. मा साइट इन्चार्ज भई कार्य गर्नुभएको • २०१३ देखि २०१८ सम्म एम.के. निर्माण सेवा प्रा.लि.मा साइट इन्चार्ज भई कार्य गर्नुभएको • २०११ देखि २०१३ सम्म खेतान ग्रुपमा सिभिल इन्जिनियर भई कार्य गर्नुभएको ।
३.	श्री अशोक पौडेल	एम्.बि.एस्.	• २०१७ देखि हालसम्म राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडमा वरिष्ठ अधिकृत भई कार्य गरि रहनु भएको • २०१६ देखि २०१७ सम्म दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडमा अधिकृत भई कार्य गर्नु भएको • २०१४ देखि २०१६ सम्म बि.बि. अर्याल एण्ड कम्पनीमा सहायक अडिट भई कार्य गर्नु भएको ।

कम्पनीका माथि उल्लेखित कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी वा अन्य कुनै संगठित संस्थामा लगानी नगर्नु भएको ।
* संचालक समितिको निर्णय बमोजिम श्री राम चन्द्र त्रिपाठीलाई कार्यकारी अधिकारीको जिम्मा प्रदान गरिएको छ ।

११. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम (२७)(१) अनुसार यस कम्पनीमा १ (एक) जना महिला संचालक सहित ६ (छ) जनाको सञ्चालक समिति रहने छ । समूह 'क' को तर्फबाट ३ (तीन) जना संचालक हुनेछन् र समूह 'ख' को तर्फबाट २ (दुई) जना संचालक हुनेछन् । १ (एक) जना स्वतन्त्र संचालक रहनेछ । समूह 'क' को तर्फबाट महिला संचालक नरहेको स्थितिमा समूह 'ख' को तर्फबाट महिला संचालक नियुक्त हुनेछ ।

समूह "क" संस्थापक शेयरधनीहरुबाट	३ जना
समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट	२ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	६ जना

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार समूह 'क' शेयरधनीहरुको तर्फबाट संचालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तीमा ३५,००० कित्ता शेयर लिएको हुनु पर्नेछ । समूह 'ख' शेयरधनीहरुको तर्फबाट संचालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा कम्तीमा १०० थान शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यो कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात

(रकम रु.मा)

विवरण	वास्तविक			आ.व.२०७८/७९ चैत्र मसान्तसम्म
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व.२०७७/७८	
सम्पत्ति				
गैह्र चालु सम्पत्ति				
कार्यालय उपकरण	११६,२५५।८१	८७,१९१।८६	६५,३९३।८९	५३,१३२।५४
पूँजीगत कार्यप्रगति	४३२,२३२,५१३।९३	७४२,०१३,५२५।४९	१,०३३,७१९,०६०।६३	१,०७१,९२६,२१०।५१
शेयरमा लगानी	-	-	३४,१४१।००	३४,१४१।००
जम्मा गैह्र चालु सम्पत्ति	**४३२,३४८,७६९।७४**	**७४२,१००,७१७।३५**	**१,०३३,८१८,५९५।५२**	**१,०७२,०१३,४८४।०५**
चालु सम्पत्ति				
मुद्दती निक्षेपमा लगानी	२५,०००,०००।००	४०,०००,०००।००	-	-
नगद र बैंक मौजदात	५१,०३६,१५७।८९	१९,९७६,२८८।३५	८,३७०,१७९।९८	८,७८८,८२३।२५
अग्रिम भुक्तानी रकम, पेश्की, सापटी तथा धरौटी	१५६,१९२,४४०।५६	१४३,९७६,०३३।५८	१७५,५०३,४११।४६	२३६,८३२,३०३।११
जम्मा चालु सम्पत्ति	**२३२,२२८,५९८।४५**	**२०३,९५२,३२१।९३**	**१८३,८७३,५९१।४४**	**२४५,६२१,१२६।३६**
जम्मा सम्पत्ति	**६६४,५७७,३६८।१९**	**९४६,०५३,०३९।२८**	**१,२१७,६९२,१८६।९६**	**१,३१७,६३४,६१०।४१**
पूँजी तथा दायित्व				
पूँजी				
शेयर पूँजी	३१८,६५२,८००।००	३१८,६५२,८००।००	३१८,६५२,८००।००	३१८,६५२,८००।००
जगेडा कोष र संचित नाफा	१५,१७५,८२५।८२	१९,१९६,७१३।८६	२०,२२६,०७९।४४	२०,५७३,९०५।९४
जम्मा पूँजी	**३३३,८२८,६२५।८२**	**३३७,८४९,५१३।८६**	**३३८,८७८,८७९।४४**	**३३९,२२६,७०५।९४**
दायित्व				
गैह्र चालु दायित्व	२६५,६८६,६८९।०४	४७९,०३५,१५१।७०	६८५,५८८,६०९।३२	७८७,९०३,९८९।३२
दीर्घकालीन बैंक ऋण	२६५,६८६,६८९।०४	४७९,०३५,१५१।७०	६८५,५८८,६०९।३२	७८७,९०३,९८९।३२
चालु दायित्व र व्यवस्था				
व्यापारिक र अन्य दायित्व	२१,०६८,०६३।७४	५८,८७२,४७१।४६	५४,१८६,९८१।९७	४५,८७४,२९१।३२
अल्पकालिन बैंक ऋण	४१,०००,०००।००	६८,९५५,६०२।९२	१३८,६४७,७९७।५३	१४४,३७३,७६२।९७
अन्य व्यवस्थाहरु	२,९९३,९९९।५९	१,३४०,२९९।३४	३८९,९१८।६९	२५५,८६०।८६
जम्मा चालु दायित्व र व्यवस्था	**६५,०६२,०६३।३३**	**१२९,१६८,३७३।७२**	**१९३,२२४,६९८।१९**	**१९०,५०३,९१५।१५**
जम्मा पूँजी र दायित्व	**६६४,५७७,३६८।१९**	**९४६,०५३,०३९।२८**	**१,२१७,६९२,१८६।९६**	**१,३१७,६३४,६१०।४१**

नाफा-नोक्सान हिसाब

(रकम रु. मा)

विवरण	वास्तविक			आ.व.२०७८/७९ चैत्र मसान्तसम्म
	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	
आम्दानी				
विजुली बिक्रीबाट आम्दानी	-	-	-	-
बिक्री लागत	-	-	-	-
सञ्चालन नाफा/(नोक्सान)	-	-	-	-
अन्य आम्दानी	१८,२५१,१२५।३१	६,६९७,२४३।७३	१,५६७,२२४।६५	६५५,०३२.६८
प्रशासनिक खर्च	(१,२२३,१५४।८४)	(१,२५०,२७०।०८)	(५७२,०७७।१३)	(१७९,००२.६६)
वित्तीय खर्च	(५,०१३,२२०।१७)	(५६,७१२।३२)	-	-
ह्रास खर्च	(३८,७५१।९४)	(२९,०६३।९५)	(२१,७९७।९६)	(१२,२६१.३५)
आयकर कट्टी अघिको नाफा/(नोक्सान)	**११,९७५,९९८।३६**	**५,३६१,१९७।३८**	**९७३,३४९।५६**	**४६३,७६८।६७**
आयकरको व्यवस्था	(२,९९३,९९९।५९)	(१,३४०,२९९।३४)	(१३९,९१८।६९)	(११५,९४२.१७)
आयकर कट्टी पछीको खुद नाफा/(नोक्सान)	**८,९८१,९९८।७७**	**४,०२०,८९८।०४**	**८३३,४३०।८६**	**३४७,८२६।५०**

आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :

वासलात

(रकम रु. मा)

विवरण	प्रक्षेपित**		
	आ.व.२०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
सम्पत्ति			
गैह्र चालु सम्पत्ति			
स्थिर सम्पत्ति	४९,०४५	१,२८६,८०६,७५२	१,२३९,१३९,४०९
निर्माणाधिन कार्य	१,३३४,४२८,११४		-
शेयरमा लगानी	३४,१४१	३४,१४१	३४,१४१
जम्मा गैह्र चालु सम्पत्ति	१,३३४,५११,३०१	१,२८६,८४०,८९३	१,२३९,१७३,५५०
चालु सम्पत्ति			
मुद्दती निक्षेप	-	-	-
नगद र बैंक मौज्दात	२०१,८७८,२६०	२८,८५०,७१५	८१,९९५,४१२
व्यापारिक तथा अन्यबाट प्राप्त हुनु पर्ने रकम	२६,३८०,९८७	४२,९८१,१०५	३८,५९०,६५१
जम्मा चालु सम्पत्ति	**२२८,२५९,२४७**	**७१,८३१,८२१**	**१२०,५८६,०६२**
जम्मा सम्पत्ति	**१,५६२,७७०,५४८**	**१,३५८,६७२,७१३**	**१,३५९,७५९,६१२**
पूँजी तथा दायित्व			
पूँजी			
शेयर पूँजी	६१२,७९३,८००	६१२,७९३,८००	६१२,७९३,८००
जगेडा तथा संचित नाफा	१७,२७७,१८२	६२,१७१,३७६	९५,०३०,५८०
जम्मा पूँजी	**६३०,०७०,९८२**	**६७४,९६५,१७६**	**७०७,८२४,३८०**
दायित्व			
मध्यम तथा दिर्घकालीन दायित्व			
बैंक ऋण	८९४,५००,०००	६७४,५००,०००	६४९,५००,०००
चालु दायित्व			
चालु दायित्व	३८,१८२,५३१	१,६९५,७९८	१,७१३,९६४
अल्पकालीन ऋण	-	-	-
अन्य व्यवस्थाहरु	१७,०३४	७,५११,७३९	७२१,२६८
जम्मा दायित्व	**३८,१९९,५६६**	**९,२०७,५३७**	**२,४३५,२३२**
जम्मा पूँजी तथा दायित्व	**१,५६२,७७०,५४८**	**१,३५८,६७२,७१३**	**१,३५९,७५९,६१२**

नाफा-नोक्सान हिसाब

(रकम रु. मा)

विवरण	प्रक्षेपित**		
	आ.व.२०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
प्रत्यक्ष आय			
विजुली बिक्री वापतको आय	-	१५२,०३८,०४०	१५६,५९३,४७८
प्रत्यक्ष खर्च			
सञ्चालन तथा मर्मत लागत	-	१०,९५०,९४९	१४,१९१,६४९
रोयल्टी	-	३,७००,८०१	३,७९६,७०५
जम्मा प्रत्यक्ष खर्च	-	**१४,६५१,७५०**	**१७,९८८,३५४**
ग्रस नाफा	-	**१३७,३८६,२९०**	**१३८,६०५,१२४**
अन्य आय	८३७,०१८	३०,०४६,९५६	२,८८५,०७२
सञ्चालन नाफा	**८३७,०१८**	**१६७,४३३,२४७**	**१४१,४९०,१९५**
अप्रत्यक्ष खर्च	**७६८,८८१**	**११४,५८०,१३४**	**१०७,२९५,८१६**
प्रशासनिक खर्च	७५२,५३३	५,५५४,७०७	५,७९१,०५२
ब्याज खर्च	-	६१,३५५,०१९	५३,८३७,४२१
ह्रासकट्टी	१६,३४८	४७,६७०,४०८	४७,६६७,३४३
आयकर कट्टी अघिको नाफा	**६८,१३७**	**५२,८५३,११३**	**३४,१९४,३७९**
कर्मचारी बोनस	-	४४७,१८०	६१३,९०८
कर प्रावधान	१७,०३४	७,५११,७३९	७२१,२६८
आयकर कट्टी पछिको नाफा	**५१,१०३**	**४४,८९४,१९४**	**३२,८५९,२०३**
गत वर्षको नाफा नोक्सानी	२०,०३०,१४५	२०,०८१,२४७	६४,९७५,४४२
वासलातमा सारेको नाफा	**२०,०८१,२४७**	**६४,९७५,४४२**	**९७,८३४,६४५**

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरू :

क्र.सं.	विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
१	विद्युत बिक्री वापतको आयमा औषत बृद्धिदर	-	०.००%	३.००%
२	अन्य आम्दानी वापतको आयमा औषत बृद्धिदर	-४६.५९%	३४८९.७६%	-९०.४०%
३	कुल खर्चमा औषत बृद्धिदर (ब्याज/ह्रास वाहेक)	३१.५४%	२६४४.५५%	१८.११%
४	संचालन खर्च तथा कुल आम्दानी अनुपात	-	७.२०%	९.०६%
५	खुद मुनाफामा औषत बृद्धिदर	-९३.८७%	८७७५१.१७%	-२६.८१%
६	आयकर व्यवस्था (प्रतिशतमा)	२५%	२५%	२५%
७	प्रतिशेयर आम्दानी	०.०१	७.३३	५.३६
८	Return on Equity	०.०१%	६.६५%	४.६४%
९	Return on Assets	०.००%	३.३०%	२.४२%

प्रक्षेपित गरिएको वित्तीय विवरणहरुको गणनाको आधारहरु देहाय बमोजिम रहेको छ :
१) विद्युत बिक्रीबाट प्राप्त आय गणना गर्दा ने.वि.प्रा.सँग भएको विद्युत खरिद बिक्री सम्झौताको निर्धारित विद्युत शक्ति (deemed energy) उत्पादन गर्न ९५ प्रतिशत क्षमतामा चल्ने आधार लिई गरिएको छ ।
२) विद्युतको व्यापारिक उत्पादन २०७९/०४/०१ गतेलाई आधार मानी बिक्री आम्दानी आ.व. २०७९/८० देखि प्रक्षेपण गरिएको छ ।
३) विद्युत बिक्री दर विद्युत खरिद बिक्री सम्झौताका बमोजिम ५ मे.वा. ५ वर्षसम्म ३% को दरमा वृद्धि गरिएको छ ।
४) प्रक्षेपित गरिएको आ.व. मा नेपाल सरकारलाई तिरिने रोयल्टी प्रति वर्ष प्रति मेगावाट रु.१ लाख र कुल आम्दानीको २% गणना गरिएको छ ।
५) आयोजना संचालन खर्च बिक्री आम्दानीको ७% ले व्यापारिक उत्पादन पश्चात्को प्रथम वर्षमा गणना गरिएको छ ।
६) प्रशासनिक खर्च बिक्री आम्दानीको ३.६५% ले व्यापारिक उत्पादन पश्चात्को प्रथम वर्षमा गणना गरिएको छ ।
७) प्रशासनिक खर्च र आयोजना संचालन खर्च प्रक्षेपित वर्षहरुमा ५% को दरले वृद्धि गरिएको छ ।
८) ब्याज खर्च आयोजना संचालन पश्चात् आ.व.२०७९/८० देखि ८% ले गणना गरिएको छ ।
९) कम्पनीले आ.व.२०७८/७९ मा सर्वसाधारणलाई छुट्याइएको शेयर निष्काशन गर्ने योजना रहेको छ ।
१०) कम्पनीले आ.व.२०७९/८० को श्रावणसम्म ऋण सम्झौता बमोजिम सम्पूर्ण कर्जा उपभोग गरी ८९ करोड ४५ लाख रहने र आ.व.२०७८/७९ मा निष्काशनबाट प्राप्त रकम मध्य रु.२० करोड कर्जा भुक्तानी गर्ने प्रक्षेपण गरिएको छ ।
११) व्यापारिक तथा अन्य प्राप्त हुनु पर्ने रकम बिक्री आम्दानीको (जेष्ठ र आषाढ) २ महिनाको प्रक्षेपण गरिएको छ ।
१२) आ.व. २०७९/८० देखि कर्मचारी बोनस खर्च वार्षिक खुद नाफाको २ प्रतिशत गणना गरिएको छ ।
१३) आ.व. २०७८/७९ सम्मका प्रशासनिक खर्च बाहेकका आयोजना खर्चहरुलाई आ.व. २०७९/८० मा पूँजीकरण गरिएको छ ।
१४) कम्पनीले बैंकमा रहेको ब्याज आम्दानी गरे वापत प्राप्त हुने आयलाई अन्य आम्दानीको रुपमा गणना गरिएको छ ।
१५) ह्रास खर्च SLM आधारमा २८.५ बर्षमा परिशोधन गरिएको छ ।
१६) बैंक ब्याज दरमा विशेष पुनरकर्जा समावेश गरिएको छ र सोहि दरलाई डिस्काउण्ट दर मानि वित्तीय परिसुचक गणना गरिएको छ ।

विगत तथा आगामी तीन बर्षको नेटवर्थ र औसत प्रतिफल

विवरण	वास्तविक			प्रक्षेपित**		
	आ.व.०७५/७६	आ.व.०७६/७७	आ.व.०७७/७८	आ.व.०७८/७९	आ.व.०७९/८०	आ.व.०८०/८१
चुक्ता पूँजी (रु. हजारमा)	३१८,६५२.८०	३१८,६५२.८०	३१८,६५२.८०	६१२,७९३.८०	६१२,७९३.८०	६१२,७९३.८०
जगेडा कोष तथा संचित नाफा (रु. हजारमा)	१५,१७५.८२	१९,१९६.७१	२०,२२६.०८	१७,२७७.१८	६२,१७१.३८	९५,०३०.५८
जम्मा (नेटवर्थ) (रु. हजारमा)	**३३३,८२८.६२**	**३३७,८४९.५१**	**३३८,८७८.८८**	**६३०,०७०.९८**	**६७४,९६५.१८**	**७०७,८२४.३८**
शेयर संख्या (हजारमा)	३,१८६.५३	३,१८६.५३	३,१८६.५३	६,१२७.९४	६,१२७.९४	६,१२७.९४
खुद नाफा (रु. हजारमा)	८,९८२.००	४,०२०.९०	८३३.४३	५१.१०	४४,८९४.१९	३२,८५९.२०
प्रति शेयर नेटवर्थ	१०४.७६	१०६.०२	१०६.३५	१०२.८२	११०.१५	११५.५१
प्रति शेयर आम्दानी (EPS)	२.८२	१.२६	०.२६	०.०१	७.३३	५.३६
नेटवर्थमा औषत प्रतिफल (%)	२.६९	१.१९	०.२५	०.०१	६.६५	४.६४
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल : ०.२५%						

विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : १.३८%
**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री एसयूएस एशोशियट्सका चार्टड एकाउन्टेण्ट श्री उत्सव दाङ्गीले गर्नु भएको हो ।

१४. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :** निर्माणाधिन रहेको रुकुमगाड जलविद्युत आयोजनाको लागि प्राइम कमर्सियल बैंक लिमिटेडको सह वित्तियकरणमा रु.८९ करोड ४५ लाख ऋण सम्झौता भएकोमा बैंक ब्याजदर बढ्न गई परियोजना लागत वढ्न जाने जोखिम रहेको तर संस्थापक शेयरधनीबाट सम्पूर्ण रकम चुक्ता भईसकेको तथा बैंकसँग रु.८९ करोड ४५ लाख ऋण सम्झौता समेत भैसकेको अवस्थामा वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्राधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :** हाल विश्वभर फैलिएको कोभिड-१९ को कारण भएको लकडाउनका कारण आयोजना निर्माणमा केहि ढिलो भएको कारण अन्य आयोजना सम्बन्धि खर्च यथावत भएता पनि कम्पनीको IDC केही बृद्धि हुने भएको छ । नेपाल विद्युत प्राधिकरणको मुसिकोट स्थित सवस्टेसन निर्माणधिन चरणमा रहेको हुनाले, कम्पनीले नेपाल विद्युत प्राधिकरणमा पत्राचार मार्फत थप RCOD Extension गरी दिनु हुन अनुरोध गरेको छ । RCOD Extension को प्रक्रियामा रहेको हुनाले कम्पनीले हर्जाना तिर्नु नपर्ने कम्पनीको धारणा रहेको छ ।
(ङ) **विदेशी विनिमयको जोखिम :** हाल यस्तो जोखिम नरहेको ।
(च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पुरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजत पत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** नेपाल सरकारले अंगीकार गरेको वर्तमान जलविद्युत नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आयमा असर पर्न सक्नेछ ।
(झ) **सञ्चालन इतिहासको अभाव :** यस कम्पनीले आफ्नो कारोवार २०७३/०९/११ गते देखि सञ्चालन गरेको हुँदा कम्पनीको कारोवारको सञ्चालनको इतिहास करिब ५ वर्ष रहेको छ ।
(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट विद्युत उपकरणहरु फेज आउट भएमा उत्पन्न हुन सक्ने जोखिमहरु ।
(ट) **अन्य :**
- प्राकृतिक प्रकोपको तथा काबु बहिरका परिस्थितिका कारणबाट विद्युत केन्द्रका संरचनाहरुमा क्षती पुग्न गएमा तथा निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै आम्दानीको श्रोत पर सर्ने जोखिमहरु ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका गर्नका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको छ ।
- जलवायु परिवर्तनवाट खोलामा पानीको वाहावमा थप घट हुनगई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने भएकोले विद्युत उत्पादनमा कमी आएमा हर्जना मिनाहा हुने व्यवस्था कायम रहेको छ ।
- देशको राजनैतिक अस्थिरतावाट आउन सक्ने जोखिमहरु ।

सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ जस्तैः सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा व्यवस्थापनको रहेको छ ।

यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न निर्माणाधिन आयोजनाको निम्नानुसारका बिमा गरिएको छ ।

सि.नं.	बीमाको प्रकार	बीमा कम्पनीको नाम	बीमांक रकम (रु.)	बीमा अवधि	बीमा शुल्क (रु.)
१	सिभिल वर्क	प्रभु इन्स्योरेन्स लि.	४४७,३०९,०४०.८४	डिसेम्बर २०, २०२१ देखि जुन १९, २०२३	२,४१३,५९२.४९
२	इलेक्ट्रो मेकानिकल इक्यूमेन्ट	सानिमा जनरल इन्स्योरेन्स कम्पनी लि.	१४०,१३९,२५७.५०	जनवरी १७, २०२२ देखि जनवरी १६, २०२३	३०८,७९६.८४
३	हाइड्रो मेकानिकल इक्यूमेन्ट	नेको इन्स्योरेन्स लि.	२७५,५९३,१०५.९८	फेब्रुवरी १९, २०२२ देखि फेब्रुवरी १८, २०२३	१,३९६,०१२.९२
४	ट्रान्समिसन लाईन	सानिमा जनरल इन्स्योरेन्स कम्पनी लि.	६०,६६५,६९४.०२	फेब्रुवरी ०८, २०२२ देखि फेब्रुवरी ०७, २०२३	१८१,६६३.४२

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (२०८९ सालसम्म) आयकर छुट प्राप्त भएको ।
- यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
- कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१६. प्रत्याभूति सम्बन्धी विवरणः

धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः
प्रत्याभुत गरिएको कित्ताः २९,४१,४१० कित्ता प्रत्याभुत गरिएको रकमः रु. २९,४१,४१,०००/-
धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगानाः
लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौं, नबिल ईन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाडौं र सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी मार्ग, काठमाडौं ।

१७. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**
आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुः आयोजना प्रभावित क्षेत्र अर्थात रुकुम पूर्वी जिल्ला र रुकुम पश्चिम जिल्लाका स्थानीय बासिन्दाहरुका लागि छुट्याइएको जारी पूँजीको १० प्रतिशतले हुन आउने ६१२,७९३ कित्ता शेयरको लागि स्थानीय बासिन्दाहरुबाट अत्याधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । कम्पनीले स्थानीय बासिन्दाहरुलाई खरिद गर्न आव्हान गरेको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।
सर्वसाधारण शेयरधनीहरु : स्वीकृत विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ ।
(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** सर्वसाधारणलाई जारी गरिने शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ ।
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयर आवेदनका लागि शेयर बिक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयर बाँडफाँड पत्र र रकम फिर्ता भुक्तानी पुर्जा दिइनेछ ।
(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा सर्वसाधारणलाई जारी गरिने शेयरको हकमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।
आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा : भौतिक आवेदन फारम मार्फत आवेदन गरेकाको हकमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था अनुसार उपदफा (२) बमोजिम भुक्तानी फिर्ता गर्दा धितोपत्र बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ । आस्वा मार्फत आवेदन दिएकाको हकमा यो व्यवस्था लागुहुने छैन ।
(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :** सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए अनुसार बाँडफाँड गरी सूचिकरण भए पश्चात् "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिने छ । तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि जारी गरिने शेयरको हकमा निष्कासन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा तोकिएको समयावधि भित्र शेयर प्रमाण पत्र वितरण गरिनेछ तथा सर्वसाधारणहरुको हकमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई आवेदकहरुको हितग्राही खातामा बाँडफाँड भएको शेयर जम्मा गरिने व्यवस्था मिलाइनेछ ।
(ङ) **धितोपत्र सुचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :** सो नभएको ।
(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्कासन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** स्वीकृत विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोवार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोवार हुने व्यवस्था मिलाइनेछ ।

१८. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोबार गरिनु पर्ने जस्ता पक्षहरु :

रुकुम पूर्वी जिल्ला र रुकुम पश्चिम जिल्लाका स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानिय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नु पर्नेछ ।
३. १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईंसराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिका/न.पा. को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलिय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र वा कम्पनीको निर्णय बमोजिम हुनेछ ।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी रुकुम पूर्वी जिल्ला वा रुकुम पश्चिम जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं रुकुम पूर्वी जिल्ला वा रुकुम पश्चिम जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फाराममा न्यूनतम रुपमा खुलाउनुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फाराममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फाराममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१३. आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नावालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्वर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फाराममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१५. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१६. रु.५ लाखसम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ ।
१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनु पर्नेछ ।
१८. हितग्राही खाता खोलि सकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।
१९. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्नेछ ।
२०. C-ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसंग रुजु गरेर मात्र बुझिलिनु पर्नेछ र यसरी बुझीलिएको फारम तोकिएको समयावधि भित्र C-ASBA प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

१९. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सक्ने हो सो सम्बन्धी विवरणः

१. कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लि., काठमाडौंमा तथा सह-निष्काशन तथा बिक्री प्रबन्धक श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।
२. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिंदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले C-ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।
३. स्वीकृत विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा आयोजना प्रभावित क्षेत्रका आवेदकहरुको हकमा अधिकतम ६००,००० कित्तासम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु पर्नेछ ।

२०. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

धितोपत्र निष्काशनबाट प्राप्त रकम देहाय बमोजिमका कार्यका लागि खर्च गरिनेछः

	विवरण	रकम (रु.)
१	रुकुमगाड जलविद्युत आयोजनाको सिभिल तथा हाइड्रोमेकानिकल निर्माण कार्य	८४,८८९,८७४/-
२	कर्जा भुक्तानी	२००,०००,०००/-
३	कार्यसिल पूँजी	९,२५१,१२६/-
	जम्मा	२९४,१४१,०००/-

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

विवरणपत्र पाइने स्थानहरुः
१. सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । वेभसाइट www.siddharthacapital.com
२. मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । वेभसाइट www.muktinathcapital.com
३. राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड, त्रिपुरेश्वर, काठमाण्डौ । वेभसाइट www.raptihydro.com.np

वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

दरखास्त फारम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
स्थानीय बासिन्दाहरुको निष्काशन तथा बिक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिलिने व्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ ।

क्र.सं.	संकलन केन्द्रहरुको नाम, ठेगाना	सम्पर्क व्यक्ति	सम्पर्क नं.
१.	ग्लोबल आइएमई बैंक लिमिटेड, शाखा कार्यालयः सिस्ने रुरल नगरपालिका-६, छिप्रीदह रुकुम पूर्व	बिसाल भट्ट	०८८-४१३१८७
२.	ग्लोबल आइएमई बैंक लिमिटेड, शाखा कार्यालयः मुसिकोट, रुकुम पश्चिम	बिष्णु वली	०८८-५३०२१८
३	सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयः पुथा उत्तरगंगा, रुकुम पूर्व	दिपक खत्री	०८८-५३०३८०
४	सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयः मुसिकोट, रुकुम पश्चिम	देब भण्डारी	९७५८५०३६७४
५	प्रभु बैंक लिमिटेड, शाखा कार्यालयः रुकुमकोट, रुकुम पूर्व	उशा बुडाथोकी	०८८-४१३०५४/५५

माथि उल्लेखित संकलन केन्द्रहरुको अलावा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

आयोजना प्रभावित क्षेत्र अर्थात रुकुम पूर्वी जिल्ला र रुकुम पश्चिम जिल्लाका स्थानीय बासिन्दाले शेयर खरिद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ) शुल्क बुझाउनु पर्नेछ । दरखास्त फाराम तोकिएको संकलन केन्द्रहरुबाट वा सिद्धार्थ क्यापिटल लिमिटेडको वेवसाइट www.siddharthacapital.com, मुक्तिनाथ क्यापिटल लिमिटेडको वेभसाइट www.muktinathcapital.com र राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडको वेभसाइट www.raptihydro.com.np बाट डाउनलोड गरेर पनि प्राप्त गर्न सकिने छ । साथै भौगोलिक जटिलता, मौसमी प्रतिकुलता, प्राकृतिक प्रकोप जस्ता कारणबाट विस्थापित हुने अवस्था सृजना भएका वा पेशा व्यवसायका कारण वा अन्य कुनै कारणबाट परियोजना प्रभावित क्षेत्रको संकलन केन्द्रमा मात्र दरखास्त दिन सहज नहुने विशेष परिस्थितिमा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिमित अवधिका लागि अन्य स्थानमा आवश्यकता अनुसार संकलन केन्द्र तोक्न वा थप गर्न सकिनेछ ।

२२. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री सिद्धार्थ बैंक लि., हात्तिसार, काठमाण्डौ ।	००११८८८७४९७
२.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ ।	D१०१०१०००३८७२

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२३. धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत प्रथम चरणमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म खुल्ला रहनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि निष्काशन गरेको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयर समेत थप गरी दोस्रो चरणमा सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्यदिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोस्रो चरणको दरखास्त खुल्ला भएको मितिले वढीमा १५ दिनका लागि दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिन भन्दा अगाडी शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानी कर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्री रिकेश श्रेष्ठलाई फोन नं.: ०१-४४२०९२४ मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।



दरखास्त फारमको नमूना

Rapti Hydro and General Construction Limited
राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
त्रिपुरेश्वर-११, काठमाडौं, नेपाल टेलिफोन नं. ०१-४१००५८६, र ०१-४१०११४०
इमेलः info@raptihydro.com.np वेभसाइटः www.raptihydro.com.np
को
आयोजना प्रभावित क्षेत्र अर्थात रुकुम पूर्वी जिल्ला र रुकुम पश्चिम जिल्लाका बासिन्दाहरुका लागि
साधारण शेयर खरिद दरखास्त फारम

प्रति दरखास्त फारम रु.२/-

दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता : ६,००,००० कित्ता

आवेदकको हालसालै खिचिएको **फोटो** (अनिवार्य)

कोड नं.

सि.नं.

श्री संचालक समिति,
राप्ती हाईड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।
महाशय,

हितग्राही खाता नं.	DP ID	
	Client ID	

त्यस कम्पनीको मिति २०७९/०२/१० गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/- अंकित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/- को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम		मिति	२०७८/ /
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			

Sources of Fund (For Rs. 0.5 million and above as per Directive issued by SEBON)
व्यापार (Business) ☐ सम्पत्ति बिक्री (Sale of Assets) ☐ कर्जा (Loan) ☐ अन्य उल्लेख गर्नुहोस (Other, Please Specify)

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक
	In English	Mr./Mrs./Miss/Minor — USE CAPITAL LETTER
स्थायी ठेगाना / Permanent Address	वडा नं. / Ward No.	घर नं. / House No. — गाउँ पालिका/न.पा. / R. M./M. — जिल्ला / District
सम्पर्क ठेगाना		
P.O. Box No.		P.O. Box District — नागरिकता प्रमाण-पत्र नं.
PAN No.		Contact. No. — नागरिकता जारी गरेको स्थान
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा / In English	USE CAPITAL LETTER
बाबुको नाम / Father's Name		
बाजेको नाम / Grandfather's Name		
पति/पत्नीको नाम		
संरक्षकको नाम / Guardian's Name (Incase of minor)		

निवेदकको दस्तखत

यो रसिद हराई अकलि भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.

Applicant's Name					
Company's Name	Rapti Hydro and General Construction Limited				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत

For Official Use Only:
Received by:
Date:
Stamp
Code No.
हितग्राही खाता नं. DP ID / Client ID

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness
सिद्धार्थ क्यापिटल लिमिटेड
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५, फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

सह-निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
(A Subsidiary of Muktinath Bikas Bank Ltd.)
मुक्तिनाथ क्यापिटल लिमिटेड
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
वेबसाईटः www.muktinathcapital.com
इमेलः info@muktinathcapital.com

मिति २०७९/०२/१३ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने